"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ६) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, आषाढ २७ गते २०८१ साल (संख्या० ३


## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

सम्वत् २०८१ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०३

# सिरीजङ्घा गाउँपालिकाको गाउँ प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८१

**प्रमाणीकरण मितिः २०८१।०३।२७**

**प्रस्तावना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँपालिकाले यो **"गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१"** बनाई लागु गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **"गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

२. यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

२) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिकालाई सम्झनु पर्दछ ।

३) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

४) "समिति" भन्नाले सिरीजङ्घा गाउँपालिकाको यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

५) "गाउँ प्रहरी" भन्नाले सिरीजङ्घा गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

६) "भत्ता" भन्नाले सिरीजङ्घा गाउँपालिकाबाट प्रचलित मापदण्ड बमोजिम तोकिएको भत्तालाई सम्झनु पर्दछ।

७) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

८) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

९) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ

१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न कानुन बमोजिम खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

११) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँ कार्यपलिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

१२) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

१३) "गाउँ प्रहरी कर्मचारी" भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३) कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गर्ने :**

१) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा गाउँ प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

२) कार्यविधिको बुँदा ३ (१) को सम्वन्धमा गाउँ कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद- २
## गाउँ प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४) गाउँ प्रहरी सेवाको गठनः**

गाउँपालिकामा एक गाउँ प्रहरी सेवा समुह रहने छ । गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५) गाउँपालिकामा रहने गाउँ प्रहरीको पद र तह :**

१) गाउँ सभाले तोकेको पद र तह रहनेछन ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## गाउँ प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) गाउँ प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायाको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुयाई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध

हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी पूर्वाधार विकास शाखा वा कानून न्याय शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँ क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन पूर्वाधार विकास शाखा वा कानून न्याय शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाइन लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल बिकास संस्था, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०). गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) सिरीजङ्घा गाउँपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२३) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको

पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) एम्बुलेन्स सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्‍याउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) गाउँपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७) गाउँ प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

१) गाउँपालिकामा रहने गाउँ प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सृजना तथा खारेजी गाउँ सभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

**८) गाउँ प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:**

गाउँ प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ

१) गाँउ प्रहरी स.प्र.नि.

२) गाउँ प्रहरी जवान सहयोगी

९) नियुक्ति गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले गाउँ प्रहरीको नियुक्ति गर्नेछ ।

१०) गाउँ प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ

११) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन प्रहरी जवानहरुमा एक जना महिला अनिवार्य गरी विज्ञापन प्रकाशन गर्नुपर्नेछ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

गाउँ प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

१) दरखास्त आह्वान भएको सालको अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई र ३५ वर्ष ननाघेको ।

२) गाउँ प्रहरी स.प्र.नि. पदको लागि +2 वा सो सरह उत्तिर्ण गरेको ।

३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) गाउँ प्रहरी जवान पदको लागि ८ कक्षा वा सो सरह उतीर्ण गरेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

११) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

**१३) पदपूर्ति समिति** : गाउँपालिकाको गाउँ प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(१) संयोजकः प्रमुख प्रशासकीय अधिकृत

(२) सदस्यः गाउँपालिका मातहतको स्वास्थ्य संस्थाको चिकित्सक वा प्रतिनिधी

(३) सदस्यः सुरक्षा निकायको प्रमुख वा प्रतिनिधी

(४) सदस्य सचिवः प्रशासन शाखा प्रमुख

गाउँ प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा आवश्यकता अनुसार विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ।

**१४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको बुँदा १२ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले गाउँ प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद एक्काईस दिन राखी राष्ट्रियस्तरको पत्रीका वा कार्यालयको आधिकारिक Website वा अन्य कुनै माध्यमबाट सूचना प्रकासित गर्नु पर्नेछ ।

**१५) योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) कार्यविधिको बुँदा १५ (क) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले ७ (सात) दिनभित्र गाउँ कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको बुँदा १५ (३) वमोजिम निर्णय भएको मितिले ७ (सात) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१६) जेष्ठताक्रम कायम गर्ने :**

(१) गाउँ प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७) परीक्षणकालमा राखिने :**

(१) नयाँ नियुक्त गरिएका गाउँ प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । महिला गाउँ प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ । सो अवधिमा गाउँ प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ ।

(२) कार्यविधिको बुँदा १७ (२) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले करार सम्झौता भगं गर्न सक्नेछ ।

**१८) नियुक्ति सदर :**

(१) कार्यविधिको बुँदा १७ (१) वमोजिमको परीक्षण कालमा रहेको गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा गाउँ प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौता सदर गरिनेछ ।

(२) कार्यविधिको बुँदा १८ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

## परिच्छेद - ५
## गाउँपालिकाको प्रशासन र गाउँ प्रहरीको सम्वन्ध

**१९) गाउँपालिका प्रशासनको नियन्त्रण रहने :**

गाउँ प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँ कार्यपालिकाले तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**२०) गाउँ प्रहरी प्रमुख मार्फत लेखापढी हुने :**

गाउँपालिकाले गाउँ प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया गाउँ प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२१) कारवाही गर्दा परामर्श लिने :**

कुनै पनि अधिकृत तहका गाउँ प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार गाउँ प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद — ६
## विदा

**२२) विदा अधिकारको कुरा होइन**

(१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : गाउँ प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

अ) भैपरी आउने र पर्व विदा

आ) किरिया विदा

इ) प्रसुती विदा

ई) सट्टा विदा

उ) प्रसुति स्याहार विदा

ऊ) विरामी विदा

**२३) विदा स्वीकृत नगराई घर वस्ने गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :**

(१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई अनुपस्थित रहन पाउने छैन ।

(२) दफा २३ को उपदफा (१) को उल्लंघन गरी गयल हुने गाउँ प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

तर गयल भएको अवधिको विदाको निवेदन पेश गरी विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**२४) भैपरी/पर्व विदा :**

१) गाउँ प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै गाउँ प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका गाउँ प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**२५) किरिया विदा :**

(१) गाउँ प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला गाउँ प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

२६) **प्रसूती विदा :**

(१) महिला गाउँ प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नुपर्नेछ ।

२७) **प्रसूती स्याहार विदा :**

१) गाउँ प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

२) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता पाउनेछ ।

३) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्मदर्ता प्रमाण-पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ

२८) **सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने गाउँ प्रहरी कर्मचारीलाई आलोपालो मिलाई तोकिएको अधिकारीले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन । तर करार सेवामा नियूक्त गाउँ प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ।

२९) **विरामी विदा :** गाउँ प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदा विदा पाउने छ ।

३०) **विदा दिने अधिकारीः** बिदा स्वीकृत गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

३१) **विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम गाउँ प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन

३२) **सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको गाउँ प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

३३) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने गाउँ प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन

३४) **विदा लिने विधि :**

(१) यस परिच्छेद वमोजिम विदा लिन चाहने गाउँ प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ। विदा स्वीकृत भए नभएको जानकारी तोकिएको अधिकारीले

सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखि विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले बुँदा ३४(१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजबिजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदा स्वीकृत गर्न सक्नेछ ।

(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिको मितिबाट विदा स्वीकृत गर्न सक्नेछ ।

(अ) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन वा

(आ) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो ।

**३५) विदाको अभिलेख :** गाउँ प्रहरी प्रमुखले आफ्नो मातहतका सबै गाउँ प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र मासिक रुपमा प्रशासन शाखालाइ विवरण पेश गर्नुपर्नेछ ।

**३६) गयल कट्टी उपर पुनरावेदन गर्ने :** कुनै गाउँ प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्साई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा गाउँ प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**३७) झुठो कारण देखाएमा सजाय हुने :** कुनै गाउँ प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो गाउँ प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

**३८) तालिम अवधिमा विदा वस्ने वारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ७

## आचरण

**३९) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि गाउँ प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**४०) चन्दा लिन नहुने :** कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**४१) सम्पत्ति खरिद को जानकारी दिनुपर्ने :** गाउँ प्रहरी कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको

नाममा कुनै अचल सम्पत्ति खरिद गर्न गर्नु पर्ने भएमा मिक्वाखोला गाउँपालिकाको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

**४२) सम्पत्तिको विवरण दिनुपर्ने :**

(१) हाल वहालमा रहेको गाउँ प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ।

क. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

ख. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

ग. कार्यविधिको बुँदा ४३ क र ख वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको गाउँ प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

घ. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक गाउँ प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४३) व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि गाउँ प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१) कुनै व्यापार गर्न

२) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३) कुनै व्यवसाय चलाउन ।

**४४) प्रकाशन र प्रसारण गर्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत गाउँ प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**४५) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**४६) गाउँपालिकाको आलोचना :** गाउँ प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खलल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**४७) निर्वाचनमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा

भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**४८) राजनीतिमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आ नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**४९) समय पालन र नियमितता :** गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आ नो पालोमा हाजिर हुनुपर्दछ ।

**५०) अनुशासन र आज्ञापालन :**

(१) गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) गाउँ प्रहरी कर्मचारीले माथिल्ला अधिकारी प्रति उचित आदर देखाउनुपर्नेछ ।

**५१) बाह्रय प्रभाव पार्न नहुने :** गाउँ प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**५२) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** गाउँ प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ८

## सजाय र पुनरावेदन

**५३) सजाय :** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१) नसिहत दिने ।

२) शारीरिक थकाई हुने सजाय गर्ने ।

३) तलव वृद्धि रोक्का गर्ने ।

४) तल्लो तहमा घटुवा गर्ने

५) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने

६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५४) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** गाउँ प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ

**५५) तलब वृद्धि वा पदोन्नति रोक्ने :** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**५६) दर्जा र तलब घटाउने :** सजाय गर्ने अधिकारीले कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा तल्लो स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

१) सन्तोषजनक काम नगरेमा ।

२) अनुशासनहीनता गरेमा ।

३) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

४) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

५) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा

६) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

७) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**५७) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

१) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा ।

२) राजनीतिमा भाग लिएमा

३) वरावर अनुशासनहीन काम गरेमा

४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

५) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।

६) भ्रष्टाचार गरेमा ।

७) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ।

८) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा।

९) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**५८) सजाय सम्बन्धी कार्यविधि :** (१) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले

तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्वन्धमा यस कार्यविधि वमोजिमको कार्यविधिको रीत पुर्‍याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

५९) **सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ

६०) **सेवाको अन्त गर्ने :** कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यो कार्यविधि अपनाउनु पर्नेछैन।

१) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदैं ।

२) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्‍याएमा,

स्पष्टिकरणः यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि गाउँ प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजलालई गाउँकार्यपालिका बाट निर्णय गरि बढिमा १ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता उपलब्ध गराइनेछ ।

(३) गाउँ प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहने छन् :

(क) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

(ख) प्रतिनिधि : चिकित्सक, सिरीजङ्घा गाउँपालिका मातहतको अस्पताल - सदस्य

(ग) गाउँ प्रहरी प्रमुख - सदस्य

(घ) प्रशासन शाखा प्रमुख- सदस्य सचिव

४) बुँदा ६१ (३) वमोजिम गठित समितिलाई कुनै गाउँ प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

**६१) उपचार खर्च :**

(१) कुनै गाउँ प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा दुर्घटना भएमा औषधि उपचारको लागि गाउँ कार्यपालिकाको निर्णय बमोजिमको उपचार खर्च गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ ।

(२) झुट्टा व्यहोरा पेश गरी नियमवमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने गाउँ प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो गाउँ प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।

## परिच्छेद ९

## तलब, भत्ता

**६२) तलब भत्ता :**

(क )गाउँ प्रहरी कर्मचारीले नियुक्ति पाएको मितिदेखि तलब भत्ता पाउने छ । तलव भत्ता र अन्य सुविधा गाउँकार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(ख) कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको गाउँ प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता पाउने छैन

## परिच्छेद १०

**६३) निमित्त भई काम गर्ने व्यवस्था :**

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ गाउँ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीको हुनेछ ।

**६४) एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :**

कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**६५) काम गरेको अवधिको तलब भत्ता :**

(१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता पाउने छ । तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता दिइने छ ।

## परिच्छेद ११
## तालिम

**६६) तालिमको व्यवस्था :** गाउँ प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन सिरीजङ्घा गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**६७) तालिम संचालन हुने स्थान :** गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**६८) तालिमको अवधि :** गाउँ प्रहरी सेवाका कर्मचारीहरुको तालिमको अवधि सिरीजङ्घा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**६९) तालिमको अनिवार्यता :**

(१) गाउँ प्रहरी सेवामा रहेका सबै गाउँ प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको गाउँ प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**७०) तालिमको पाठ्यक्रम :**

विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न गाउँ प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

**७१) प्रशिक्षार्थीले पाउने सुविधा**

(१) सिरीजङ्घा गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

**७२) तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने गाउँ प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(१) गाउँ प्रहरी (आधारभूत तालिममा सफल भएका व्याक्तिहरु करारमा नियूक्तीका लागि सामान्यतया योग्य हुनेछन ।

(२) रिक्रुट तालिममा सफल रिक्रुटहरु गाउँ प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन ।

**७३) प्रारम्भिक पोशाक :**

(१) सबै नयाँ भर्ना हुने गाउँ प्रहरी कर्मचारीहरुलाई प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक सिरीजङ्घा गाउँपालिकाले दिनेछ ।

**७४) तालिममा सामेल गराउने संख्या :** गाउँ प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी गाउँ प्रहरी प्रमुखले गाउँपालिका कार्यालयबाट निर्णय भए अनुसार तालिम लिन गाउँ प्रहरी कर्मचारीहरु तोक्नेछन् ।

**७५) प्रशिक्षण भत्ता :** गाउँपालिकाको कार्यालयबाट तोकिएबामोजिम प्रशिक्षण भत्ता दिइनेछ ।

**७६) अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** गाउँपालिका कार्यालयबाट तोकिए बमोजिम हुनेछ ।

**७७) आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएमा गाउँ प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १२
## पोशाक

**७८) गाउँ प्रहरी पोशाक :** गाउँप्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७९) प्रारम्भिक पोशाक र सामान :** प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**८०) जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक बर्षको लागि एक सेट पोशाक उपलब्ध गराईने छ ।

**८१) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** गाउँ प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

## परिच्छेद १३
## विविध

**८२) विभागीय आदेश र निर्देशनः** ऐन र यस कार्यविधिको परिधिभित्र रही देहायका विषयमा गाउँ प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(१) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(२) मातहतको  गाउँ प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय

(३) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(४) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(५) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

८३) **चाडपर्व खर्च पाउने :** गाउँ प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ। तर त्यसरी चाडपर्व खर्च पाउन गाउँ प्रहरीको नियुक्ति उक्त चाडपर्व भन्दा कम्तिमा ६ महिना अघि हुनुपर्नेछ ।

८४) **अन्य सुविधा तथा व्यवस्था :**

(१) गाउँ प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) यो कार्यविधि जारी हुनुअघि गाउँ प्रहरीको सम्बन्धमा भए गरेका सम्पूर्ण कामकाज यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) यो कार्यविधि जारी भए पश्चात रिक्त  गाउँ प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा कार्यविधि जारी हुँदाको बखत कार्यरत बाहेक थप गाउँ प्रहरी राखिने छैन ।

८५) **बाधा अड्काउ फुकाऊः** सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत गाउँ प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

८६) **कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन सिरीजङ्घा गाउँ कार्यपालिकाले गर्ने सक्नेछ ।

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**